कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सूचनाको हक सम्बन्धी प्रतिवेदन, बैशाख, ज्येष्ठ, असार २०८०

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली २०७६ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः कृषि तथा भूमि व्यवस्था मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल

सूचना सार्वजनिक गरेको अवधिः २०८० बैशाख, ज्येष्ठ र असार, २०८० प्रकाशन मितिः २०८०।०४।०७

१) निकायको स्वरूप र प्रकृतिः

**पृष्ठभूमि**

लुम्बिनी प्रदेश सरकार प्रदेश सरकार (कार्यविभाजन नियमावली, २०७९" बमोजिम कृषि, पशुपन्छी तथा भूमि व्यवस्थासँग सम्बन्धित कार्यजिम्मेवारी यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ। "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" बनाउने आकांक्षालाई अङ्गीकार गर्दै यस मन्त्रालयले कृषि, पशुपालन, मत्स्य, भूमि क्षेत्रको वैज्ञानिक व्यवस्थापन, विकास तथा प्रवर्द्धनको अभिभाराका साथ लिएको छ। कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसङ्ख्या आबद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो। कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस प्रदेशमा तराई र भित्री मधेस सहित एक तिहाइ खेतीयोग्य भूमि रहेको अवस्थामा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषिजन्य उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ। प्रदेशको प्रथम आवधिक योजनाको अन्त्यसम्ममा कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यात मूलक अवस्थामा पुर्याउने सोच अनुरूप नै यस क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ। उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरण माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य रहेको छ।

**दीर्घकालीन सोच**

प्रदेशको समग्र कृषि क्षेत्रको विकास तथा भू-उपयोग नीतिलाई आत्मसात गर्दै कृषि एवं पशुपन्छीजन्य उत्पादन/उत्पादकत्वको दिगो वृद्धि, यान्त्रिकीकरण, व्यावसायिकीकरण, बजारीकरण, विविधिकरण र आधुनिकीकरणका माध्यमबाट तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी यस क्षेत्रको रूपान्तरण गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता र रोजगारीको अवसर सृजना गर्ने।

**लक्ष्य**

भूमिको वैज्ञानिक व्यवस्थापन र भू-उपयोगका माध्यमबाट कृषि क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरू परिचालन गरी प्रदेशको कृषि एवं पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वच्छ, स्वस्थ र गुणस्तरीय खाद्य वस्तुको आपूर्तिमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रको उत्पादनलाई निर्यातयोग्य अवस्थामा पुर्याउने।

२) निकायको काम, कर्तव्य र अधिकारः

उद्देश्य

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

- कृषि उत्पादन, उद्यम प्रवर्द्धनका लागि प्रविधि र प्राविधिक सेवाको व्यावसायिक क्षमतामा विकास र सेवा प्रवाहमा विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक सामाजिक रूपान्तरणमा योगदान पुर्याउने।
- कृषि क्षेत्रमा गुणस्तरीय उत्पादन सामाग्री र आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।
- पशुपन्छी तथा मत्स्यपालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यवसायिक, प्रतिस्पर्धी एवं स्वच्छ, स्वस्थ पशुपन्छी उत्पादनको सुनिश्चितता एवं पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रूपमा विकास गर्ने।
- भूमिको वैज्ञानिक व्यवस्थापन, वर्गीकरण र समुचित उपयोग, संरक्षण र दिगो व्यवस्थापन गरी चक्लाबन्दी मार्फत व्यवसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुर्याउने।

**रणनीति**

- कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने।
- कृषि क्षेत्रलाई लैङ्गिक मैत्री र समावेशीकरणका साथै आधुनिकीकरण, व्यवसायीकरण र औद्योगिकीकरण गरी रोजगारी र आय वृद्धि गर्ने।
- भूमिको खण्डीकरण रोकी कृषि भूमिको संरक्षण गर्ने।
- कृषि प्रविधि प्रसार प्रणालीलाई सबल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षासँगको समन्वय र साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्ने।
- कृषि क्षेत्र (कृषि तथा पशुपन्छी)बाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रूपमा विकास गर्ने।
- पशुपन्छी पालनलाई व्यावसायिक, प्रविधि युक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन उत्प्रेरित गर्दै बजार प्रवर्धन गर्ने।
- माछा उत्पादन पकेट क्षेत्र पहिचान, विस्तार र प्रवर्द्धन गर्ने।

**कार्यक्षेत्र**

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्:

१. कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।
२. कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवं महामारी नियन्त्रण।
३. कृषि औधोगिकीकरण र पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन।
४. कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

५. कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन तथा कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान एवं विकास।

६. कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउ बिजन एवं नस्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन।

७. प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर

८. खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण एवम् जैविक प्रविधिको विकास र विस्तार।

९. कृषि मल, बीउ विषादी आपूर्ति व्यवस्था र नियमन तथा रैथाने बाली बस्तुको संरक्षण र प्रवर्द्धन।

१०. कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण।

११. कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन।

१२. कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन।

१३. कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन।

१४. राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन।

१५. सामूहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन।

१६. चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन।

१७. कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषण युक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन।

१८. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।

१९. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।

२०. जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।

२१. सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन।

२२. नाप नक्सा नियन्त्रण विन्दुहरूको सञ्चालन स्थापना।

२३. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

२४. गरिब घर परिवार पहिचान, भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनः स्थापना सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

२५. सरकारी जग्गा भाडामा दिन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।


२६. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन।

२७. गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय।

३) निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरणः कृषि तथा भूमि व्यवस्था मन्त्रालयको संगठन संरचना देहायबमोजिम रहेको छ।

हाल यस मन्त्रालय अन्तर्गत निर्देशनालय २, कृषि ज्ञान केन्द्र ९, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ९, तालीम केन्द्र २, प्रयोगशाला ५, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ३, मत्स्य विकास फार्म १, कुखुरा विकास फार्म १, गरी कुल ३३ वटा कार्यालयहरू रहेका छन्। जसमध्ये साबिकका नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका र बाँकी ८ वटा प्रदेश सरकारको निर्णयबाट स्वीकृत भई स्थापना भएका अस्थायी कार्यालयहरू रहेका छन्। जसमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी ४२८ जना कर्मचारी दरबन्दी विद्यमान रहेको छ ।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ




(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

१. योजना तथा अनुगमन महाशाखा

कार्यविवरण

- मन्त्रालयसँग सम्बन्धित वार्षिक कार्यक्रम र बजेट तर्जुमा एवं अन्य महाशाखासँग समन्वय गर्ने ।
- कृषि, पशु, सहकारी तथा भूमि सम्बन्धी नीति निर्माण तथा आवधिक योजनाहरूको तर्जुमा र अन्य महाशाखासँग समन्वय गरी अनुगमन तथा विश्लेषण एवं कृषि सम्बन्धी क्षेत्र/उपक्षेत्रको आर्थिक विश्लेषण कार्य गर्ने, गराउने।
- प्रदेश मन्त्रालय अन्तर्गत रहेका निर्देशनालय तथा कार्यालयहरूको जनशक्तिको वस्तुस्थिति अद्यावधिक गर्ने तथा निश्चित मापदण्ड तथा नीतिगत व्यवस्था गरी जनशक्तिको क्षमता विकासका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका उच्च अध्ययन, अनुसन्धान तथा तालिम व्यवस्थाको लागि अन्य महाशाखासँग समन्वय गर्ने ।
- प्रादेशिक योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्य सम्बद्ध निकायसँग समन्वयमा रही योजनागत कार्यहरू गर्ने ।
- प्रदेश मन्त्रालय र अन्तर्गतका आयोजना तथा कार्यक्रमहरू र विकास साझेदार निकाय तथा वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनाहरूको सम्भाव्यता, प्रस्ताव तयारी, नीति निर्माण, बजेट तर्जुमा, नर्मस, कार्ययोजना, समीक्षा तथा अनुगमन एवं मूल्याङ्कन गर्ने, गराउने ।
- योजना तथा कार्यक्रमको नियमित रूपमा (मासिक, द्वैमासिक, चौमासिक र वार्षिक) कार्य प्रगति स्थितिको समीक्षा गर्ने, गराउने र पृष्ठपोषण गर्ने ।
- मन्त्रालयको कार्यक्रम तथा आयोजना सम्बन्धमा समय समयमा प्राप्त निर्देशनहरूको कार्यान्वयन र अन्तर निकाय समन्वय गर्ने, गराउने ।
- योजना तथा कार्यक्रम सम्बन्धमा मातहतका निकायहरूबाट प्राप्त समस्या समाधानार्थ आवश्यक कारबाही गर्ने ।
- कृषि क्षेत्रको योजना, अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक तथ्याङ्क एवं सूचना प्रवाह गर्ने ।
- अर्ध वार्षिक, वार्षिक तथा कार्यक्रम उपलब्धि सम्बन्धका कृषि तथ्याङ्कहरूको संकलन, विश्लेषण, लेखन तथा प्रकाशन गर्ने ।
- समय सापेक्ष कृषि सम्बन्धी नीति तथा आवधिक योजनाहरूको तर्जुमा, विश्लेषण तथा परिमार्जन गरी कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने ।
- कृषि क्षेत्रको विकासको लागि आयोजनाहरूको प्रस्ताव तयारी गरी विभिन्न निजी तथा वैदेशिक दातृ संस्थाहरूसँग कार्यगत समन्वय गर्ने ।
- योजना तर्जुमा गर्दा लैङ्गिक मूल प्रवाहीकरण र समावेशीकरणका सिद्धान्तलाई प्रादेशिक मन्त्रालय र अन्तर्गतका निकाय र आयोजनाहरूबाट सञ्चालन हुने कृषि कार्यक्रमहरूमा संस्थागत गरी सोको लेखाजोखा राख्ने तथा लैङ्गिक तथा सामाजिक समावेशिकरण सम्बन्धी सम्पर्क विन्दुको रूपमा कार्य गर्ने ।
- कृषि बजार, बालीनाली तथा पशुपक्षी स्थिति निरीक्षण तथा चौमासिक प्रतिवेदन लगायत अन्य प्रकाशन सम्बन्धी कार्य गर्ने ।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

- भूमि व्यवस्था, कृषि, पशुपन्छी तथा सहकारी विकास सम्बन्धी वार्षिक कार्यक्रम र बजेट अनुरूप मन्त्रालय तथा मातहतका कार्यालयबाट सञ्चालन हुने कार्यक्रमहरूको सम्बन्धित महाशाखासँग समन्वय गरी अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारिताका साथ गर्ने गराउने ।

(क) योजना तथा जनशक्ति शाखा

- प्रादेशिक कार्यक्रम तथा बजेट तर्जुमा मार्गदर्शन तथा बजेट सिलिङ्ग सम्बन्धी कार्य ।
- मन्त्रालयको कार्यक्रम तथा बजेट कम्पाइल तथा स्वीकृतीको व्यवस्था सम्बन्धी कार्य ।
- नतिजामूलक बजेट तर्जुमाको नीतिगत तथा संस्थागत व्यवस्था सम्बन्धी कार्य ।
- कार्यक्रम तथा बजेट कार्यान्वयन सहजीकरण र समन्वय ।
- सङ्घीय तथा स्थानीय बजेट तथा कार्यक्रमसँग समन्वय ।
- कर्मचारीको क्षमता अभिवृद्धिसम्बन्धी योजना कार्यक्रम तथा कार्यान्वयन व्यवस्था ।
- योजना सम्बन्धी अन्य महाशाखा तथा मन्त्रालय मातहतका कार्यालयसँग समन्वय र सहजीकरण ।
- लैगिक उत्तरदायी बजेट कार्यान्वयनको व्यवस्था ।

(ख) अनुगमन तथा मूल्याङ्कन शाखा

- कार्यक्रमको नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन कार्य, मापदण्ड र प्रक्रिया ।
- सङ्घीय अनुगमन तथा मूल्याङ्कन पद्धतिसँग समन्वय ।
- मन्त्रालय निर्देशनालय तथा मातहतका कार्यालयबाट सञ्चालित कार्यक्रमको उपलब्धि विश्लेषण तथा प्रगति तयारी ।
- प्रादेशिक आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन ।
- चौमासिक तथा वार्षिक प्रगति समीक्षा र प्रतिवेदन ।
- कृषि बजार, बालीनाली तथ्याङ्क संकलन विधिको विकासका लागि निर्देशिका तयारी तथा परिमार्जन, तालिम आदि सञ्चालन गर्ने ।
- कृषि बजार, बालीनाली तथा पशुपंक्षी स्थिति निरीक्षण तथा द्वैमासिक प्रतिवेदन प्रकाशन गर्ने ।
- अर्धवार्षिक, वार्षिक कृषि तथ्याङ्क संकलन, प्रशोधन, अनुगमन, अनुमान तथा प्रकाशन गर्ने ।
- कृषि क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सम्बन्धी सम्पूर्ण कार्यहरूको समन्वय गरी सम्पर्क विन्दुको रूपमा कार्य गर्ने ।
- राष्ट्रिय महत्वको तथ्याङ्क तथा सूचना संकलन तथा अद्यावधिक गर्ने कार्यमा समन्वयात्मक भूमिका खेल्ने ।

(ग) नीति तथा मापदण्ड शाखा

- मन्त्रालय र अन्तर्गतका निकायहरूको नीतिको आवश्यकताको पहिचान, विश्लेषण तथा तर्जुमा समन्वय ।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति कार्यान्वयनको अवस्था सहजीकरण ।
- जनशक्ति विकास नीति, मापदण्ड ।
- कार्यक्रमको नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन नीति, मापदण्ड ।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति मापदण्डहरूको अनुगमन र मूल्याङ्कन तथा पृष्ठपोषण ।
- अन्य मन्त्रालय तथा केन्द्रीय निकाय बीच नीतिगत विषयमा समन्वय ।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

- लैंगिक मूल प्रवाहीकरण नीति तथा मापदण्ड ।
- निजी तथा गैर सरकारी क्षेत्र बीच नीतिगत विषयमा समन्वय।
- समावेशी नीति, कार्यक्रम, मापदण्ड।

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२. पशुपन्छी विकास महाशाखा

कार्यविवरण

- पशुपन्छी सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन कार्य
- तथ्याङ्क संकलन प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण कार्य
- बजेट तथा कार्यक्रम, आयोजना/परियोजनाहरूको योजना तर्जुमा, कार्यान्वयन
- पशुपन्छी आनुवंशिकी श्रोत संरक्षण सम्बर्द्धन र उपयोग
- प्रादेशिक स्तरीय पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानून, ऐन, नियम, तर्जुमा र व्यवस्थापन
- पशुपन्छीजन्य महामारी नियन्त्रण तथा व्यवस्थापन
- पशुपन्छी विपद् व्यवस्थापन सम्बन्धी कार्य
- भेटेरिनरी जनस्वास्थ्य, जुनोटिक रोग, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेजिड्यु लगायतका जनस्वास्थ्यका विषयमा एक स्वास्थ्य अवधारणा सम्बन्धी कार्यहरू
- पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यविधि, निर्देशिका तथा मापदण्डको कार्य
- पशुपन्छीजन्य यान्त्रिकीकरण औद्योगिकीकरण, उद्योग व्यवसायिकीकरणको विकास तथा प्रवर्द्धन
- विश्वविद्यालय, तालिम प्रदायक संस्था तथा अन्य निकायहरूसँग प्रविधि विकास सम्बन्धी सहकार्य, तथा समन्वय

(क) पशुपंक्षी उत्पादन तथा तथ्याङ्क व्यवस्थापन शाखा

- पशुपन्छी सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन कार्य
- प्राकृतिक जलाशयहरू (पोखरी, नदीनाला, ताल तलैया एवं घोल तथा सिम) मा मत्स्य पालन सम्भाव्यता अध्ययन, प्रवर्द्धन तथा नियमन कार्य
- तथ्याङ्क संकलन प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण कार्य
- प्रादेशिक खाद्य सुरक्षा र पोषण (दूध, फुल र मासु) खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर सम्बन्धी कार्यहरू
- प्रजननका लागि बीउ विजनको आपूर्ति व्यवस्था र नियमन
- सामूहिक पशुपन्छी पालन करार व्यवस्थाको कार्यान्वयन र प्रवर्द्धन
- बजेट तथा कार्यक्रम, आयोजना/परियोजनाहरूको योजना तर्जुमा, कार्यान्वयन
- पशुपन्छी आनुवंशिकी श्रोत संरक्षण सम्बर्द्धन र उपयोग

(ख) पशुस्वास्थ्य तथा नियमन शाखा

- प्रादेशिक स्तरीय पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानून, ऐन, नियम, तर्जुमा र व्यवस्थापन
- पशुपन्छीजन्य रोगको निदान प्रयोगशाला व्यवस्थापन र नियमन

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

- पशुपन्छीजन्य पदार्थहरूको पोषण तत्वयुक्त वस्तुको उपयोग, उत्पादन र बिक्री वितरणको अनुगमन र नियमन सम्बन्धी कार्यहरू
- पशु स्वास्थ्य सम्बन्धी प्रयोगशालाको सम्बन्द्धता र स्तरीकरण सम्बन्धी नीति र मापदण्ड
- भेटेरिनरी जनस्वास्थ्य, जुनोटिक रोग, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेजिड्यु लगायतका जनस्वास्थ्यका विषयमा एक स्वास्थ्य अवधारणा सम्बन्धी कार्यहरू
- पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानून, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड तर्जुमा र व्यवस्थापन
- पशुस्वास्थ्यसँग सम्बन्धित प्रमाणीकरण सम्बन्धी कार्य गर्ने
- पशुपन्छीजन्य महामारी नियन्त्रण तथा व्यवस्थापन
- मासु तथा मासुजन्य पदार्थको गुणस्तर निर्धारण तथा नियमन
- असल भेटेरिनरी अभ्यास कार्यान्वयन
- पशु कल्याण सम्बन्धी मापदण्ड समन्वय तर्जुमा र कार्यान्वयन
- पशुपन्छी विपद् व्यवस्थापन सम्बन्धी कार्य

(ग) पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा

- पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यविधि, निर्देशिका तथा मापदण्डको कार्य
- पशुपन्छीजन्य यान्त्रिकीकरण औद्योगिकीकरण, उद्योग व्यवसायिकीकरणको विकास तथा प्रवर्द्धन
- पशुपन्छी पालक कृषक, उद्यमी, व्यवसायीहरूको क्षमता अभिवृद्धि तालिम तथा सशक्तिकरण
- पशुपन्छी बजार, पूर्वाधार र पशुपन्छी फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन
- Smart Livestock Village स्थापना
- उन कार्पेट पश्मीना लगायतका उत्पादन विकास र प्रवर्द्धनका कार्यहरू
- विश्वविद्यालय, तालिम प्रदायक संस्था तथा अन्य निकायहरूसँग प्रविधि विकास सम्बन्धी सहकार्य, तथा समन्वय
- माछा तथा जलीय जीव पालनको नविनतम प्रविधिहरूको मापदण्ड र विस्तार सम्बन्धी कार्य
- मत्स्य बीज आपूर्ति, गुणस्तर, मापदण्ड र नियमन सम्बन्धी कार्य

३. भूमि व्यवस्था महाशाखा

कार्यविवरण

(क) भूमि व्यवस्था शाखा

- भूमि प्रशासन, भूमि सुधार, जग्गा नापजाँच सम्बन्धी प्रशासन, भू-उपयोग सम्बन्धी नीति तथा व्यवस्थापन तथा चकलाबन्दी सम्बन्धी प्रादेशिक नीति कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन ।
- सरकारी जग्गा, सार्वजनिक जग्गा, पर्ति जग्गा, गुठी जग्गाहरूको प्रादेशिक अभिलेख व्यवस्थापन तथा संरक्षण,
- मालपोत रजिष्ट्रेशन, जग्गा दर्ता, जग्गाको मूल्याङ्कन, जग्गा प्रशासन, दाखिला खारेज, स्वामित्व हस्तान्तरण, जग्गाको हदबन्दी सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- सुकुम्बासी, मुक्त कमैया, कम्लहरी, हलिया, हरवा, चरवा लगायत भूमिहिन वर्गको स्याई बसोबास, जीविकोपार्जनको लागि प्रादेशिक नीति कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन,

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

- भूमि व्यवस्था सम्बन्धी कर्मचारीहरूका लागि प्रादेशिक सेमिनार, गोष्ठी तथा तालिम सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- केन्द्रीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना एवं अभिलेखहरूको आधारमा प्रादेशिक नाप नक्सा र अभिलेखलाई वैज्ञानिक व्यवस्थापन तथा संरक्षण ।
- नाप नक्साको नियन्त्रण विन्दुको स्थापना तथा सञ्चालन।
- कित्ता नापी र भूमिलगत सम्बन्धी मापदण्ड निर्धारण र कार्यान्वयन ।
- सरकारी जग्गा लिजमा दिने सम्बन्धी नीति कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
- सबै प्रकारका गुठी जग्गाहरूको व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन एवं सो जग्गाहरूको तथ्याङ्क सूचना संकलन, संरक्षण एवं अभिलेख व्यवस्थापन ।

४. भूमिश्रोत नक्साकन महाशाखा

कार्यविवरण

- आधुनिक सूचना प्रविधिको उपयोग गरी भूमिसँग सम्बन्धित श्रेस्ता, नक्सा लगायतका सम्पूर्ण सूचनाहरूलाई कम्प्यूटर प्रणालीमा प्रविष्ट गराई जनतालाई भरपर्दो सरल, सहज सेवा/सूचना प्रवाह गराउन भू-सूचना प्रणाली (LIS) को विकासमा सहयोग पुर्याउन समन्वय गर्ने र सोको लागि एकद्वारा प्रणालीलाई माध्यम बनाउने।
- भूमिको उपयोगद्वारा कृषिको उत्पादकत्व वृद्धि गर्न एवं गरिबी निवारण तथा वातावरण संरक्षण कार्यमा समेत सहयोग पुर्याउने गरी नीति निर्माता, अनुसन्धान कर्ता तथा उपभोक्ताहरूलाई वस्तुपरक भू-सूचना उपलब्ध गराउन समन्वय गर्ने।
- E-Governance System लागू गर्ने सन्दर्भमा IT Focal Person को रूपमा कार्य गर्ने।
- भू-सूचनालाई विश्वसनीय, गुणस्तर युक्त र वस्तुपरक बनाउने र भू-सूचनालाई उपभोक्ता माझ सहज पहुँच हुने व्यवस्था गर्ने।
- भरपर्दो भू-सूचना प्रणालीको विकास गर्न प्रादेशिक र राष्ट्रिय क्षेत्रमा स्थापित सम्बन्धित निकायहरूसँग सम्पर्क र समन्वय कायम गरी प्रविधि विकास र हस्तान्तरण गर्न सघाउ पुर्याउने र Pro-Active Role समेत निर्वाह गर्ने।
- भू-सूचना प्रणालीलाई National Geographic Information System (राष्ट्रिय भौगोलिक सूचना प्रणाली) सँग आबद्ध गराउन प्रभावकारी भूमिकाका लागि पहल गर्ने।
- भू-सूचना प्रविधिसँग सम्बन्धित अध्ययन, अनुसन्धान, गोष्ठी, सेमिनार आदिमा भाग लिई Continuous Professional Development (CPD) का लागि पहल गर्ने।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

यस मन्त्रालय तथा मातहतका कार्यालयको (कुल ३३ वटा मन्त्रालय सहित) स्वीकृत दरबन्दी तथा पदपूर्तिको सम्बन्धी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| सि.नं. | पद | सेवा | समूह | तह | जम्मा स्वीकृत दरबन्दी सङ्ख्या | पदपूर्ति सङ्ख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव (प्रा. प्रथम) | कृषि | समूहकृत नहुने | ११ औं | ३ | १ | २ |
| २ | निर्देशक | कृषि | ला.पो.डे.डे./ भेटेरिनरी/मत्स्य | ११ औं | १ | ० | १ |
| ३ | उप-सचिव | प्रशासन | सा.प्र. | ९/१०औं | २ | १ | १ |
| ४ | प्रमुख नापी अधिकृत | ईञ्जि. | सर्भे | ९/१० औं | १ | १ | ० |
| ५ | वरिष्ठ कृषि विकास अधिकृत | कृषि | एग्री. ईको. एण्ड मार्केटिङ्ग | ९/१० औं | २ | ० | २ |
| ६ | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि | कृषि प्रसार | ९/१० औं | ८ | ६ | २ |
| ७ | वरिष्ठ पशु विकास अधिकृत | कृषि | ला.पो. एण्ड डे.डे. | ९/१० औं | ४ | १ | ३ |
| ८ | वरिष्ठ पशु चिकित्सक | कृषि | भेटेरिनरी | ९/१० औं | ३ | ० | ३ |
| ९ | वरिष्ठ कृषि अर्थ विज्ञ | कृषि | एग्री. ईको. एण्ड मार्केटिङ्ग | ९/१० औं | ५ | ५ | ० |
| १० | वरिष्ठ बागवानी विकास अधिकृत | कृषि | बागवानी | ९/१० औं | ३ | २ | १ |
| ११ | वरिष्ठ बाली विकास अधिकृत | कृषि | बाली विकास | ९/१० औं | ३ | १ | २ |
| १२ | वरिष्ठ बाली संरक्षण अधिकृत | कृषि | बाली संरक्षण | ९/१० औं | ४ | ३ | १ |
| १३ | वरिष्ठ मत्स्य विकास अधिकृत | कृषि | मत्स्य | ९/१० औं | ४ | ४ | ० |
| १४ | वरिष्ठ माटो विज्ञ | कृषि | माटो विज्ञान | ९/१० औं | १ | ० | १ |
| १५ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | ७/८ औं | ९ | ३ | ६ |
| १६ | लेखा अधिकृत | प्रशासन | लेखा | ७/८ औं | २ | २ | ० |
| १७ | कानून अधिकृत | न्याय | कानून | ७/८ औं | १ | ० | १ |
| १८ | कम्प्यूटर इन्जिनियर | विविध | | ७/८ औं | १ | ० | १ |
| १९ | नापी अधिकृत | इन्जि. | सर्भे | ७/८ औं | २ | ० | २ |
| २० | कृषि अर्थ विज्ञ | कृषि | एग्री. ईको. एण्ड मार्केटिङ्ग | ७/८ औं | १४ | ६ | ८ |
| २१ | खाद्य अनुसन्धान अधिकृत | कृषि | खा. पो. गु. नि. | ७/८ औं | २ | ० | २ |
| २२ | कृषि प्रसार अधिकृत | कृषि | कृषि प्रसार | ७/८ औं | २१ | १६ | ५ |
| २३ | बाली विकास अधिकृत | कृषि | बाली विकास | ७/८ औं | ९ | २ | ७ |
| २४ | बागवानी विकास अधिकृत | कृषि | बागवानी | ७/८ औं | १३ | ७ | ६ |
| २५ | बाली संरक्षण अधिकृत | कृषि | बाली संरक्षण | ७/८ औं | १० | ८ | २ |
| २६ | कृषि इन्जिनियर | कृषि | इन्जिनियर | ७/८ औं | १ | १ | ० |
| २७ | पशु विकास अधिकृत | कृषि | ला.पो.डे.डे. | ७/८ औं | १४ | ९ | ५ |

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | पशु चिकित्सक | कृषि | भेटेरिनरी | ७/८ औं | १२ | ८ | ४ |
| २९ | माटो विज्ञ | कृषि | माटो विज्ञान | ७/८ औं | २ | ० | २ |
| ३० | मत्स्य विकास अधिकृत | कृषि | मत्स्य | ७/८ औं | ९ | ७ | २ |
| ३१ | सहायक/ अधिकृत | प्रशासन | सा.प्र. | ५/६ औं | १९ | १४ | ५ |
| ३२ | सहायक/ अधिकृत | प्रशासन | लेखा | ५/६ औं | २० | १८ | २ |
| ३३ | कम्प्यूटर अपरेटर/ अधिकृत | विविध | | ५/६ औं | ३ | १ | २ |
| ३४ | सिनियर मेकानिक्स/ अधिकृत | इन्जि. | मेकानिकल | ५/६ औं | १ | १ | ० |
| ३५ | सर्वेक्षण/ अधिकृत | इन्जि. | सर्भे | ५/६ औं | १ | १ | ० |
| ३६ | प्राविधिक सहायक/ अधिकृत | कृषि | एग्री. ईको. एण्ड मार्केटिङ्ग | ५/६ औं | ६ | ६ | ० |
| ३७ | प्राविधिक सहायक/ अधिकृत | कृषि | कृषि प्रसार | ५/६ औं | १४ | १० | ४ |
| ३८ | प्राविधिक सहायक/ अधिकृत | कृषि | बागवानी | ५/६ औं | ११ | ८ | ३ |
| ३९ | प्राविधिक सहायक/ अधिकृत | कृषि | बाली संरक्षण | ५/६ औं | १० | १० | ० |
| ४० | प्राविधिक सहायक/ अधिकृत | कृषि | बाली विकास | ५/६ औं | ७ | ७ | ० |
| ४१ | प्राविधिक सहायक/ अधिकृत | कृषि | माटो विज्ञान | ५/६ औं | २ | ० | २ |
| ४२ | पशु सेवा प्राविधिक/ अधिकृत | कृषि | ला.पो.डे.डे. | ५/६ औं | १४ | १४ | ० |
| ४३ | प्राविधिक सहायक/ अधिकृत | कृषि | स्वाइल साइन्स | ५/६ औं | २ | २ | ० |
| ४४ | पशु स्वास्थ्य प्राविधिक/ अधिकृत | कृषि | भेटेरिनरी | ५/६ औं | ८ | ६ | २ |
| ४५ | प्राविधिक सहायक/ अधिकृत | कृषि | खा. पो. गु. नि. | ५/६ औं | १ | ० | १ |
| ४६ | प्राविधिक सहायक/ अधिकृत | कृषि | मत्स्य | ५/६ औं | ९ | ८ | १ |
| ४७ | पशु स्वास्थ्य प्राविधिक | कृषि | ल्याव | ५/६ औं | ० | ० | ० |
| ४८ | सब इन्जिनियर | कृषि | इन्जिनियर | ५/६ औं | १ | १ | ० |
| ४९ | सहायक | प्रशासन | सा.प्र. | ४/५ औं | १३ | १२ | १ |
| ५० | सह लेखापाल | प्रशासन | लेखा | ४/५ औं | ६ | ६ | ० |
| ५१ | नायब पशु स्वास्थ्य प्राविधिक | कृषि | भेटेरिनरी | ४/५ औं | ५ | ३ | २ |
| ५२ | नायब पशु सेवा प्राविधिक | कृषि | ला.पो.डे.डे. | ४/५ औं | ८ | ७ | १ |
| ५३ | नायब पशु सेवा प्राविधिक | कृषि | मत्स्य | ४/५ औं | ३ | ३ | ० |
| ५४ | नायब प्राविधिक सहायक | कृषि | बाली विकास | ४/५ औं | २ | २ | ० |
| ५५ | नायब प्राविधिक सहायक | कृषि | माटो विज्ञान | ४/५ औं | १ | १ | ० |
| ५६ | ह.स.च. | | | तहविहीन | २९ | २९ | ० |
| ५७ | का.स. | प्रशासन | सा.प्र. | तहविहीन | ६६ | ६६ | ० |
| कुल | | | | | ४२८ | ३३० | ९८ |

यस मन्त्रालयमा कार्यरत कर्मचारी विवरण देहाय बमोजिमका रहेको छ।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सूचनाको हक सम्बन्धी प्रतिवेदन, बैशाख, ज्येष्ठ, असार २०८०

| सि.नं. | स्वीकृत पद | तह | नाम थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | एघारौं | याम नारायण देवकोटा | नवलपरासी | ९८५७०७५०४० |
| २ | प्रमुख नापी अधिकृत | अधिकृतस्तर दशौं | अनिल मरासिनी | रेसुगडा- ९, गुल्मी | ९८४१४७९०९८ |
| ३ | वरिष्ठ बागवानी विकास | अधिकृतस्तर नवौं | सन्देश धिताल | तुल्सीपुर उ. म. न पा.- ५, दाङ | ९८५१२०६२८६ |
| ४ | वरिष्ठ बाली संरक्षण | अधिकृतस्तर नवौं | घनश्याम चौधरी | कोपवा-७, कपिलवस्तु | ९८४८४२३९९४ |
| ५ | पशु चिकित्सक | अधिकृतस्तर आठौं | लोकराज भुसाल | सैनामैना न.पा-१, रुपन्देही | ९८५११४४५१७ |
| ६ | अधिकृत आठौं | अधिकृतस्तर आठौं | कृष्ण प्रसाद गौतम | ति. न. पा.- ३ रुपन्देही | ९८४७०६२००३ |
| ७ | लेखा अधिकृत | अधिकृतस्तर सातौं | सुरज कुमार चुदारा | रेसुङ्गा न.पा. ७, गुल्मी | ९८५११२३०६५ |
| ८ | पशु विकास अधिकृत | अधिकृतस्तर सातौं | हुमकान्त पाण्डेय | सुनवल ४ नवलपरासी | ९८४७२०६६३९ |
| ९ | कृषि अर्थ विज्ञ अधिकृत | अधिकृतस्तर सातौं | यूवराज ढकाल | वाणगंगा-२,कपिलवस्तु | ९८४७४२१९०३ |
| १० | अधिकृत छैटौं | अधिकृत छैटौं | खगराज उपाध्याय | बु. उप. म. न. पा.- १६, रुपन्देही | ९८५७०४७१२४ |
| ११ | अधिकृत छैटौं | अधिकृत छैटौं | गोपाल ज्ञवाली | छत्रदेव १ अर्घखाची | ९८४७०७०७०६ |
| १२ | अधिकृत छैटौं | अधिकृत छैटौं | नविन गैरे | भूंमिकास्थान १० अर्घाखाची | ९८४९८६४६३४ |
| १३ | अधिकृत छैटौं | अधिकृत छैटौं | कवि सिंह कठायत | | ९८५११८८८८४ |
| १४ | अधिकृत छैटौं | अधिकृत छैटौं | मातिवर यादव | रोहेणी-२, रूपन्देही | ९८४४७१३१६५ |
| १५ | कम्प्युटर अधिकृत छैटौं | अधिकृत छैटौं | डोलमाया सारु थापा | रामपुर-१ पाल्पा | ९८४७१०२५७५ |
| १६ | सहायक पाँचौं | सहायकस्तर पाँचौं | चन्द्र प्रसाद अर्याल | बुटवल-१३, रूपन्देही | ९८४७८२६३०४ |
| १७ | सहायक पाँचौं | सहायकस्तर पाँचौं | शोभाखर खनाल | वाणगंगा ५ कपिलवस्तु | ९८५७०३८०२८ |
| १८ | प्राविधिक सहायक पाँचौं | सहायकस्तर पाँचौं | शारदा आचार्य | शुद्धोधन गा.पा.-४, रुपन्देही | ९८४७२४९०१८ |
| १९ | नापि अधीकृत | करार सेवा | विष्णु डाँगी | तुलसिपुर- ११, दाङ | ९८६८१९११८७ |
| २० | सव ईन्जिनियर | करार सेवा | प्रकाश चौधरी | कन्चन-२, रुपन्देही | ९८६७१२२३८६ |
| २१ | कम्प्युटर अपरेटर | करार सेवा | सरस्वती रिजाल | बुद्धभुमी- १, कपिलवस्तु | ९८४७०३५०१० |
| २२ | कम्प्युटर अपरेटर | करार सेवा | सरस्वती सुवेदी | वाणगंगा- २, कपिलवस्तु | ९८६७१११४२२ |

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

| सि.नं. | स्वीकृत पद | तह | नाम थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| २३ | ह. स. चा. | करार सेवा | कृष्ण प्रसाद पौडेल | देवदह-१, रुपन्देही | ९८६७०२४५५० |
| २४ | ह. स. चा. | करार सेवा | राम प्रसाद अधिकारी | रिब्दीकोट- १, पाल्पा | ९८६७३१७९२८ |
| २५ | ह. स. चा. | करार सेवा | राम प्रसाद उपाध्याय ज्ञवाली | सैनामैना-३, रुपन्देही | ९८६३९३१०१६ |
| २६ | ह. स. चा. | करार सेवा | नारायण अधिकारी | मालारानी- ६, अर्घाखाची | ९८६७०२७४२० |
| २७ | ह स चा | करार सेवा | तौलेश्वर प्रसाद लोनिया | क.व.न.पा. -१२, कपिलवस्तु | ९८६६१५८५८८ |
| २८ | ह स चा | करार सेवा | रेमलाल पाण्डे | छत्रदेव- ७, अर्घाखाची | ९८४७०२४७४२ |
| २९ | का. स. | करार सेवा | विष्णु प्रसाद वेलवासे | सितगंगा- ४, अर्घाखाची | ९८४७३२४२३१ |
| ३० | का. स. | करार सेवा | पद्मा टण्डन | गुल्मीदरवार- ७, गुल्मी | ९८४७३५९३१७ |
| ३१ | का. स. | करार सेवा | माया खनाल | छत्रकोट- ७, गुल्मी | ९८४४७०१८२५ |
| ३२ | का. स. | करार सेवा | रमेश वहादुर खत्री | गुल्मीदरवार- ६, गुल्मी | ९८४७१०४५८९ |
| ३३ | का. स. | करार सेवा | आशा चौधरी | सैनामैना- ५, रुपन्देही | ९८४२९०४५८१ |
| ३४ | का. स. | करार सेवा | तिर्थ राज चापागाई | रम्भा- १, पाल्पा | ९८४७५८८२८८ |
| ३५ | माली | करार सेवा | सारदा कुमाल | रामग्राम- १८, नवलपरासी | ९८४९९१७७७५ |
| ३६ | चौकिदार | करार सेवा | जय वुढा | अंदानचुली- १, हुम्ला | ९८६७०८६१८५ |
| ३७ | स्विपर | करार सेवा | भरुनी वुढा | अंदानचुली- १, हुम्ला | |

४) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट प्रदान गरिने प्राविधिक सेवामा कुनै दस्तुर लाग्दैन र सम्बन्धित शाखाबाट तुरुन्त उपलब्ध हुनेछ।

५) निर्णय गर्ने प्रक्रिया र अधिकारीः सेवाको लागि कार्यालयमा सम्पर्क गर्ने वा निवेदन पेस पश्चात् प्राविधिक सेवा वा जानकारी तुरुन्त सम्बन्धित महाशाखा वा कर्मचारीबाट प्राप्त गर्न सकिनेछ।

६) निर्णय उपर उजुरी सुन्ने अधिकारीः कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव।

७) सम्पादन गरेको कामको विवरणः यस मन्त्रालय तथा मातहतका कार्यालयद्वारा आर्थिक वर्ष २०७९/८० को वार्षिक अवधिमा सम्पादन गरिएका महत्त्वपूर्ण कार्य देहाय बमोजिम रहेका छन्।

१. प्रदेशको स्थायी राजधानीमा कृषि तथा भूमि व्यवस्था मन्त्रालय स्थानान्तर गरिएको।

२. ४५ वटा (कृषि तर्फ १९, पशुपन्छी तर्फ २५) वटा स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन भएको।

३. ४४ वटा ब्लक विकास कार्यक्रम कार्यान्वयन (बाली/वस्तु विशेष बालीसँग सम्बन्धित उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र बजारिकरण कार्यक्रम सञ्चालनमा भएको)।

४. सिँचाइ सहित कृषि विकास कार्यक्रम अन्तर्गत १२ जिल्लाका लागि कुल ६ करोड २० लाख बजेट विनियोजन भएकोमा कुल ३०२ वटा आयोजनाबाट करिब ३८९ हेक्टरमा क्षेत्रफलमा सिँचाई सुविधा व्यवस्था हुने।

५. ६४,४९८ गाई, भैंसी र बाख्रामा कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिएको।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

६. १५,६५५ पशु पन्छीमा पशुस्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन (गोबर, पिसाब, दूध, छाला, रगत, शुक्र परीक्षण) गरिएको।

७. पशु स्वास्थ्य उपचार सेवा अन्तर्गत १,६२,०३९ पशुपन्छी उपचार भएको।

८. १०,७३,०५० पशुपन्छीमा पशु स्वास्थ्य खोप सेवा सञ्चालन भएको। सो कार्यमा ४७१ जना भ्याक्सिनेटरबाट ५,८०,८०० पशुमा खोरेत रोग नियन्त्रणका लागि खोप दिइएको।

९. प्रयोगशाला सेवाः विभिन्न बालीको बीउ बिजनको २,०२७ नमूनाको गुणस्तर परीक्षण गरिएको, १,४२९ हेक्टरको बाली निरीक्षण भई ९४४.९६ मे.टन. बीउ प्रमाणीकरण भएको र ४,६५४ माटोको नमूना परीक्षण गरी माटो सुधार सम्बन्धित राय सुझाव प्रदान गरिएको।

१०. २ करोड ६२ लाख माछाका भुरा उत्पादन भई वितरणको भएको र कुखुरा विकास फार्मबाट १८६,७०१ चल्ला उत्पादन भई १५८,४६५ चल्ला बिक्री भएकोमा जस मध्ये हुर्किएको चल्ला ८०,२९० रहेको।

११. १०४ आयोजनाका लागि २४ करोड ५७ लाख ५५ हजार कर्जा लगानी गरी २०७९ बैशाख-असोजसम्म ब्याज अनुदान अन्तर्गत ६८ लाख ९१ हजार ६१६ रूपैयाँ भुक्तानी भएको।

१२. प्रतिफलमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत दूध, मासु र अण्डामा कुल रकम रू. ५ करोड ५८ लाख २८ हजार ६ सय ३८ भुक्तानी भएको।

१३. गुठीको जमिन संरक्षणका लागि अध्ययन गरिएको, मुक्त कमैयाको लागत यकिन गर्न अध्ययन भएको, भूमि सम्बन्धी ३ वटा कार्यविधि (भूमि बैङ्क स्थापना, सरकारी भूमि संरक्षण र बाटोको लगत कट्टा) मस्यौदा तयार गरी सहमतिका लागि कानून मन्त्रालयमा पठाइएको

१४. कार्यक्रम सञ्चालन कार्यविधि लगायत अन्य ऐन, नियम, नियमावली तथा नीतिगत कार्य सम्पादन गरिएको।

८) सूचना अधिकारी र प्रमुखको नाम र पदः

**सूचना अधिकारी**

युवराज ढकाल

कृषि अर्थ विज्ञ

सम्पर्क नम्बरः ९८५७०५३७१७

**प्रमुख**

यामनारायण देवकोटा

सचिव

सम्पर्क नम्बरः ९८५७०७५०४०

९) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

आर्थिक वर्ष २०७९/८० मा यस मन्त्रालय र मातहतका कार्यालयबाट रकम रू. १ करोड ९० लाख २४ हजार राजस्व संकलन भएको छ।

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सूचनाको हक सम्बन्धी प्रतिवेदन, बैशाख, ज्येष्ठ, असार २०८०

आर्थिक वर्ष २०७९/८० मा यस मन्त्रालय र मातहतका कार्यालयबाट भएको खर्चको अवस्था देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ।

रकम रू. हजारमा

| विवरण | विनियोजन | | | खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | चालू | पूँजीगत | जम्मा | चालू | पूँजीगत | जम्मा | |
| कार्यक्रम तर्फ | १३६२८५१ | २४८०० | १३८७६५१ | ८०३०८५ | ७६४१ | ८१०७२६ | ५८.४२ |
| सशर्त कार्यक्रम तर्फ | २२२००० | ० | २२२००० | ६४३७४ | ० | ६४३७४ | २९.०० |
| प्रशासनिक कार्यक्रम तर्फ | ७४४७०० | १२५१४९ | ८६९८४९ | ५४१०८३ | ४९००५ | ५९००८८ | ६७.८४ |
| कुल कार्यक्रम तर्फ | २३२९५५१ | १४९९४९ | २४७९५०० | १४०८५४२ | ५६६४६ | १४६५१८८ | ५९.०९ |

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

# कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सूचनाको हक सम्बन्धी प्रतिवेदन, बैशाख, ज्येष्ठ, असार २०८०

| सि. नं. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालू | पुंजीगत | जम्मा | चालू | पुंजीगत | जम्मा | |
| १ | ३१२०००११ | कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय | ७४७५४ | २४३०० | ९९०५४ | ४४९७३ | १८४९ | ४६८२२ | ४७.२७ |
| २ | ३१२०००१२ | कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ४१६७०७ | ० | ४१६७०७ | २५८४३२ | ० | २५८४३२ | ६२.०२ |
| ३ | ३१२०००१३ | स्मार्ट कृषि गाँउ कार्यक्रम | २११५०६ | ० | २११५०६ | १३८६१६ | ० | १३८६१६ | ६५.५४ |
| ४ | ३१२०००१४ | मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | ३३५७८ | २७०० | ३६२७८ | १६८८७ | २४९४ | १९३८१ | ५३.४२ |
| ५ | ३१२०००१५ | भूमि तथा गुठी व्यवस्थापन कार्यक्रम | ३१८०० | ० | ३१८०० | २१०६३ | ० | २१०६३ | ६६.२४ |
| ६ | ३१२०००१८ | कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | ४३२२६९ | ८५०० | ४४०७६९ | २२५६३१ | ० | २२५६३१ | ५१.१९ |
| ७ | ३१२०००१९ | कृषि तथा पशुपन्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम | १६१७६५ | १३६०० | १७५३६५ | ९४५४७ | ५१४७ | ९९६९४ | ५६.८५ |
| ८ | ३१२०००२१ | पशुपन्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | ५१९७८ | ० | ५१९७८ | २९६८९ | ० | २९६८९ | ५७.१२ |
| ९ | ३१२०००२२ | कृषि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम कार्यक्रम | २३२४८ | ० | २३२४८ | १८२२० | ० | १८२२० | ७८.३७ |
| १० | ३१२०१०११ | कृषि विकास निर्देशनालय | ३०६७६ | ६५० | ३१३२६ | २११४१ | ४४३ | २१५८४ | ६८.९ |
| ११ | ३१२०१०१२ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | १३१९० | ७९३५ | २११२५ | १२३५० | १४०० | १३७५० | ६५.०९ |
| १२ | ३१२०१०१३ | माटो तथा मल परीक्षण प्रयोगशाला | ११७७८ | १२२५ | १३००३ | ६३५२ | १०७९ | ७४३१ | ५७.१५ |
| १३ | ३१२०१०१४ | बीउ विजन प्रयोगशाला | २३४५८ | ६१४० | २९५९८ | १७२९७ | ४५१३ | २१८११ | ७३.६९ |
| १४ | ३१२०१०१५ | बाली संरक्षण प्रयोगशाला | ११६६१ | १३६५ | १३०२६ | ७०१० | ५९८ | ७६०८ | ५८.४१ |
| १५ | ३१२०१०१६ | कृषि ज्ञान केन्द्रहरू | २२५२०४ | ३४१५९ | २५९३६३ | १६२५४२ | ११३२५ | १७३८६८ | ६७.०४ |
| १६ | ३१२०२०११ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २४७३५ | ८५० | २५५८५ | १९१०८ | ४८६ | १९५९५ | ७६.५९ |
| १७ | ३१२०२०१२ | पशु सेवा तालिम केन्द्र | १४५७१ | ५३७५ | १९९४६ | ९७८३ | ८४८ | १०६३० | ५३.२९ |
| १८ | ३१२०२०१३ | कुखुरा विकास फार्म | ४०१६४ | ४८४० | ४५००४ | ३८०३३ | ४५३५ | ४२५६८ | ९४.५९ |
| १९ | ३१२०२०१४ | मत्स्य विकास केन्द्र | १२१७० | ४८४० | १७०१० | ८४४७ | ४३३५ | १२७८१ | ७५.१४ |
| २० | ३१२०२०१५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु | १९२६९८ | २०९९० | २१३६८८ | १४१७२२ | ११११० | १५२८५२ | ७१.५३ |

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सूचनाको हक सम्बन्धी प्रतिवेदन, बैशाख, ज्येष्ठ, असार २०८०

| सि. नं. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालू | पुँजीगत | जम्मा | चालू | पुँजीगत | जम्मा | |
| २१ | ३१२०२०१६ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु | ६९६४१ | १२४८० | ८२१२१ | ५२३२५ | ६४६४ | ५८७८८ | ७१.५९ |
| २२ | ३१२९११२० | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम(संघ शसर्त अनुदान) | ३५०० | ० | ३५०० | ० | ० | ० | ०. |
| २३ | ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना(संघ शसर्त अनुदान) | ७३६०० | ० | ७३६०० | ४६८३१ | ० | ४६८३१ | ६३.६३ |
| २४ | ३१२९११२४ | कृषि विभाग(संघ शसर्त अनुदान) | १३५९०० | ० | १३५९०० | १०५५० | ० | १०५५० | ७.७६ |
| २५ | ३१२९११२५ | पशु सेवा विभाग(संघ शसर्त अनुदान) | ९००० | ० | ९००० | ६९९३ | ० | ६९९३ | ७७.७ |
| | | कुल जम्मा | २३२९५५१ | १४९९४९ | २४७९५०० | १४०८५४२ | ५६६४६ | १४६५१८८ | ५९.०९ |

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ

भारीत प्रगतिः **७६.९%**

१०) सूचना माग र सूचना प्रदानसम्बन्धी विवरणः यस अवधिमा मौखिक तथा फोनबाट सूचना माग भएको र लिखित निवेदनबाट सूचना माग नभएको।

११) कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सम्पर्क विवरणः

वेबसाइटः https://molmac.lumbini.gov.np/

ई-मेलः molmac.butwal@gmail.com

फोन नम्बरः

कार्यालय प्रमुखको फोन नम्बरः ९८५७०७५०४०

(युवराज ढकाल)
कृषि अर्थ विज्ञ